**शौचालयको प्रयोग गरौं, सङ्क्रमणबाट जोगिऔं**

- खुल्ला स्थानमा दिसापिसाब नगरौं ।
- शौचालयमा मात्र दिसापिसाब गरौं ।
- दिसापिसाब गरिसकेपछि साबुनपानीले मिचिमिची हात धोऔं ।
- हत्केला पछाडि, औंलाको बीच, नङलगायत हातका सबै भागमा कम्तीमा २० सेकेन्डसम्म राम्ररी साबुन लगाएर सफा पानीले हात धोऔं ।
- सफा कपडा वा तौलियाले हात पुछौं ।
- जीवाणुलगायतको सङ्क्रमणबाट आफू पनि बचौं, अरूलाई पनि बचाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ माघ २९ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 February 12 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क १६६

## पर्साका ग्रामीण भेग अहिलेसम्म स्वास्थ्य सेवाबाट वञ्चित

प्रस, सेढवा, २८ माघ/

पर्साका ग्रामीण बासिन्दाहरू अहिलेसम्म पनि पूर्णरूपमा स्वास्थ्य सेवाबाट वञ्चित छन् । यस क्षेत्रका बासिन्दा स्वास्थ्य सेवा अन्तर्गत सुरक्षित गर्भपतन सेवा पाउनबाट वञ्चित छन् ।



जीराभवानी गाउँपालिका वडा नं २ स्थित सेढवा स्वास्थ्य चौकी । तस्वीरः फाइल

गर्भधारण भएको १२ हप्तासम्म गर्भपतन गर्ने कानूनी व्यवस्था रहे पनि यस क्षेत्रमा यो सेवा उपलब्ध नरहेको स्थानीयले जनाएका छन् । जसका कारण सुरक्षित गर्भपतन गर्न वीरगंजस्थित मेरी स्टोप्समा निश्शुल्क सेवा लिन जानुपरेको स्थानीयले बताए । यसका साथै वीरगंजस्थित विभिन्न निजी अस्पतालमा यो सेवा शुल्क तिरेर लिने गरेका छन् ।

जिल्लाका ठोरी, जीराभवानी, जगरनाथपुर, पटेर्वासुगौली, छिपहरमाई गाउँपालिकामा दर्जनौं स्वास्थ्य संस्था रहे पनि सुरक्षित गर्भपतन सेवा उपलब्ध नरहेको सम्बन्धित पालिकाका स्वास्थ्य शाखा प्रमुखहरूले बताए । ती स्वास्थ्य संस्थामा सम्बन्धित तालीमप्राप्त स्वास्थ्यकर्मीहरू नभएका कारण सो सेवा सञ्चालन गर्न नसकिएको स्वास्थ्यकर्मीहरूको भनाइ छ ।

जीराभवानी गाउँपालिका वडा नं २ स्थित सेढवा स्वास्थ्य चौकीका इन्चार्ज ज्ञानकिशोर प्रसादका अनुसार करीब पाँच वर्ष पहिले सो सेवा सञ्चालनमा थियो । तर कर्मचारी सरुवा भएर गएपछि सो सेवा बन्द भएको इन्चार्ज ज्ञानकिशोर प्रसादले बताए ।

सखुवाप्रसौनी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख राजेश रौनियारका अनुसार गाउँपालिकाका दुईवटा स्वास्थ्य संस्थामा उक्त सेवा सञ्चालनमा रहेको बताए ।

वडा नं २ स्वास्थ्य चौकी पंचगावाँमा मासिक तीनजना र वडा नं ५ स्वास्थ्य चौकी महुवनमा मासिक पाँचजनाले सुरक्षित गर्भपतन गराउने गरेको शाखा प्रमुख रौनियारले बताए । सीमावर्ती भारतीय बजार इनर्वामा जोखिमपूर्ण यो सेवा लिन जाँदा कतिपय महिलाहरूको मृत्युसमेत हुने गरेको छ ।

## ठोरीलाई मत्स्य उत्पादन केन्द्र बनाउन सकिने

प्रस, ठोरी, २८ माघ/

पर्साको ठोरी गाउँपालिका वडा नं १ र २ माछापालनका लागि उत्कृष्ट स्थान रहेको देखिएको छ । ठोरीको १ र २ नं वडाका अधिकांश जमीन घोलखेतको रूपमा देखिएकाले माछापालनका लागि उपयुक्त रहेको पशुसेवा कार्यालय, वीरगंजका कार्यालय प्रमुख रामचन्द्र साह बताउँछन् ।

ठोरीमा माछापालनबाट कृषकहरूको जीवनस्तरमा आमूल परिवर्तन गर्न सकिने सम्भावना देखिएकाले यस क्षेत्रलाई माछा जोनको रूपामा विकसित गर्नुपर्ने माछाविज्ञ राजेश्वर कुशवाहाले बताए ।



तस्वीरः प्रतीक

नेपाली काङ्ग्रेस मधेस प्रदेशका महामन्त्री वृहस्पतिकृष्ण श्रेष्ठले ठोरीको जमीनमा कृषि उत्पादन गर्दा माटो परीक्षण गरेर योजना निर्माण गरी लगानी गर्नुपर्ने भएको र यस भेगमा झन्डै दर्जनको सङ्ख्यामा माछापोखरी आफूले

(बाँकी अन्तिम पातामा)

## महानगरको आयोजनामा निश्शुल्क लोकसेवा तयारी कक्षा

प्रस, वीरगंज, २८ माघ/

वीरगंज महानगरपालिका कार्यालयले युवाहरूका लागि निश्शुल्क लोकसेवा आयोगको तयारी कक्षा सञ्चालन गरेको छ ।



तस्वीरः प्रतीक

तयारी कक्षाको शनिवार नगरप्रमुख राजेशमान सिंहले उद्घाटन गर्दै युवाहरूमा सकारात्मक भावनाको विकास गराइ कुशल नेतृत्व स्थापित गराउन लोकसेवा तयारी कक्षा शुरू गरिएको बताए ।

निजामती प्रशासन, शिक्षक तथा सुरक्षा क्षेत्रमा यहाँका युवाहरूको पहुँच र सहभागिता उल्लेख्यरूपमा हुन नसकेको बताउँदै नगरप्रमुख सिंहले युवाका लागि महानगरले तयारी कक्षा सञ्चालन गरेको बताए । तयारी कक्षामा ३८ जना महिला र ५७ जना पुरुष सहभागी छन् ।

तयारी कक्षामा पर्सालगायत बाराका विभिन्न स्थानका युवाहरूको सहभागिता रहेको महानगरले जनाएको छ ।

महानगरपालिकाको सहयोगमा युडिबाई सेफ कम्प्युटर एडुकेशनले तयारी कक्षा सञ्चालन गरेको हो ।

सहभागीहरूलाई धनञ्जयकुमार सिंह, सुरज राम, श्यामविनय चौधरी, सुरजकुमार यादव र हेमन्त यादवले प्रशिक्षण दिइरहेका छन् ।

युडिबाई सेफ कम्प्युटर एडुकेशनका सञ्चालक बन्सी गुप्ताको अध्यक्षतामा भएको तयारी कक्षा उद्घाटन सत्रमा वडाध्यक्ष बैजुलाल स्वर्णकार, कार्यपालिका सदस्य कनिका कौशिक, शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्ण, सामाजिक विकास शाखा प्रमुख राजीव गिरीलगायतको सहभागितो थियो ।

## शिवजयन्ती महोत्सवको अवसरमा रक्तदान तथा आँखा शिविर

प्रस, वीरगंज, २८ माघ/

८७औं त्रिमूर्ति शिवजयन्ती महोत्सवको अवसरमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र युवा प्रभाग वीरगंजले शनिवार रक्तदान तथा आँखा शिविर सम्पन्न गरेको छ ।

शिविरमा ६१ जनाले आँखा परीक्षण गराएका थिए । किरण आँखा अस्पतालको सहकार्यमा निश्शुल्क आँखा शिविर ब्रह्माकुमारी वीरगंजका क्षेत्रीय निर्देशक रविणा दिदीको अध्यक्षतामा भएको कार्यक्रमको रक्तसञ्चार केन्द्र, वीरगंजकी संयोजक तथा नेपाल रेडक्रस सोसाइटी, पर्साकी उपसभापति मधु राणाले उद्घाटन गरेकी थिइन् ।

कार्यक्रममा किरण आँखा अस्पतालका सञ्चालक एवं वरिष्ठ नेत्ररोग विशेषज्ञ डा अमर क्याल, सामुदायिक सेवा केन्द्र, छपकैयाका अध्यक्ष ग्याँसुद्दीन ठकुराई, सञ्चालिका ब्रह्माकुमारी बेली दिदी, रक्सौल प्रभारी ब्रह्माकुमारी ज्ञानु, युवा प्रभाग वीरगंजका संयोजक ब्रह्माकुमार गोवर्धनलगायतको सहभागिता थियो ।

यसैगरी, रक्तदान कार्यक्रममा ब्रह्माकुमार जीतेन्द्र, अमित खत्री, आनन्द साह, रवि सर्राफ, राकेश कुशवाहा,



तस्वीरः सौजन्य

ज्योति कुशवाहा, गौरी देवी, सुजाता चौधरी, आरुषी जैसवाललगायत सातजना महिलासहित ४७ जनाले रक्तदान गरेका थिए । कार्यक्रमको सहजीकरण ब्रह्माकुमार गोकुल गुभाजु र स्वागत

(बाँकी तेस्रो पातामा)

## महिलाहरूको लागि निश्शुल्क स्वास्थ्य जाँच तथा शल्यक्रिया शिविर

प्रस, सिम्रौनगढ, २८ माघ/

महिलाहरूको लागि निश्शुल्क स्वास्थ्य



तस्वीरः प्रतीक

जाँच तथा शल्यक्रिया शिविर सिम्रौनगढ नगरपालिका–७ स्थित सिम्रौनगढ स्वास्थ्य चौकीमा हिजो शुक्रवारदेखि शुरू भएको छ ।

शिविरको उद्घाटन गर्दै नगरप्रमुख किशोरीप्रसाद कलवारले महिलाहरूमा लाग्ने रोगबारेमा कतिपय महिलाहरूलाई जानकारी पनि नहुने गरेको बताए । उनले महिलाहरूमा हुने रोगहरूबारे जानकारी गराउन र शिविरको माध्यमबाट त्यस्ता रोगको उपचार गराउने उद्देश्यले नगरपालिकाले सबै वडामा निश्शुल्क स्वास्थ्य शिविर आयोजना गर्ने बताए । उनले आफूमा भएको रोगका बारेमा खुलेर चिकित्सकलाई बताउन आग्रह गरे ।

उपप्रमुख नजमु शेहरले आफू पनि महिला भएको र पुरुषप्रधान समाजमा महिलाहरूको अवस्था राम्ररी थाहा भएको बताइन् । उनले पिछडिएका महिलाहरू स्वास्थ्य र प्रजननका कुरा निर्धक्क गर्न सक्ने अवस्थामा नरहेको बताइन् । महिलाहरूले आफ्नो रोग लुकाउने गरेका कारणले समस्या झेल्दै आएको बताउँदै उनले रोग नलुकाएर चिकित्सकलाई खुलस्त बताउन र सल्लाह सुझाव अनुसार उपचार गराउन सुझाइन् ।

सामुदायिक सेवा प्रतिष्ठान, भक्तपुरको सहयोगमा सिम्रौनगढ नगरपालिकाले आयोजना गरेको निश्शुल्क स्वास्थ्य शिविरमा डा दीपक साह, डा अजय साह, स्वास्थ्यकर्मीहरू रूपा कर्मचारी, रमा दाहाल, कृष्णासिकु श्रेष्ठले स्वास्थ्य चेकजाँच गरेका थिए ।

शिविरमा पाठेघरको क्यान्सर जाँच, पिसाब चुहिने रोगको पहिचान र उपचार, अङ्ग खस्ने समस्याको प्रतिरोधात्मक उपचार र परामर्श, अन्य रोगसम्बन्धी परीक्षण गरिएको थियो ।

सिम्रौनगढ स्वास्थ्य चौकी इन्चार्ज हरेरामप्रसाद जयसवालको अध्यक्षतामा भएको उद्घाटन सत्रमा प्रमुख प्रशासकीय अधिकृत दिनेशकुमार न्यौपाने, वडाध्यक्ष विवेक मेहता, कर्मचारी प्रशासन प्रमुख जयनारायणप्रसाद यादव, स्वास्थ्य संयोजक विजय ठाकुर, कार्यक्रम संयोजक लीला सिलवाल, प्राविधिक निर्देशक महादेव बनिया, रामबाबू कुशवाहा, सुभाषप्रसाद कुशवाहालगायत सहभागी थिए ।

कार्यक्रममा स्वास्थ्य संयोजक विजय ठाकुरले स्वागत र सहजीकरण स्वास्थ्य उपसंयोजक मणु यादवले गरेका थिए ।

## पर्सा बारको अध्यक्षमा कमलमोहन पोखरेल विजयी

प्रस, वीरगंज, २८ माघ/

पर्सा जिल्ला अदालत बार एसोसिएशनको अध्यक्षमा कमलमोहन पोखरेल, विजयी भएका छन् ।

शनिवार भएको मतगणना र मतपरिणामपछि उनले प्रतिद्वन्द्वी रामनारायणप्रसाद कुर्मी र प्रेमकुमार साहलाई पराजित गर्दै विजयी भएको पूर्व अध्यक्ष ओमप्रकाश गुप्ताले बताए ।

यसैगरी उपाध्यक्षमा श्यामसुन्दर दास, सचिवमा महम्मद मुमताज गद्दी र कोषाध्यक्षमा सुरेश पडित विजयी भएका छन् । सहसचिवमा जुली कर्ण यसअघि निर्विरोध निर्वाचित भएकी थिइन् । उनको मात्र उम्मेदवारी परेकोले उनी निर्विरोध भएको निर्वाचन अधिकृत सन्तोषकुमार श्रीवास्तवले बताए ।

कोषाध्यक्षमा सुरेश पण्डित र सदस्यहरू श्रीरामप्रसाद रौनियार, दीपनारायण उपाध्याय, गौरीशङ्करप्रसाद चौरसिया, श्रीराम राउत कुर्मी, हरिशङ्करप्रसाद चौहान, सुरेन्द्रप्रसाद रौनियार र नगनारायणप्रसाद साहलगायत विजयी भएका छन् ।

## विचारसार र सूक्तिहरू

**दरिद्रताले मान्छेलाई दयनीय बनाउँछ भने ऐश्वर्यबाट उच्छृङ्खलता जन्मिन्छ ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# कसरी बलियो हुन्छ अर्थतन्त्र


समयान्तर



ओमप्रकाश खनाल
omkhanal@gmail.com


**दक्षिण एशियामा कुल ऊर्जा उपभोगमा जलविद्युत्को योगदान २० प्रतिशत छ । तर, जलस्रोतमा धनी मानिएको हाम्रो देशमा यो २ प्रतिशतमात्रै छ । सरकार विद्युत्को पर्याप्त उत्पादन, प्रसारण र चुहावट नियन्त्रणमा नलागेर सस्तो लोकप्रियताको पछाडि लागेको भान हुन्छ ।**

आयात घट्नु अर्थतन्त्र बलियो भएको प्रमाण हो कि होइन ? सरकारले आयात घट्नुलाई निकै महत्त्वका साथ प्रचार गर्दै आएको छ । डा. युवराज खतिवडा अर्थमन्त्री हुँदादेखि नै यो परिपाटी देखिएको हो । त्यतिबेला यो स्तम्भकारले त्यसलाई 'कृत्रिम उपलब्धि' भनेको थियो । अहिले पनि त्यही भइराखेको छ । आन्तरिक उत्पादन र उपभोग बढेर आयातमा कमी आएको भए त्यसलाई उपलब्धि मान्न सकिन्थ्यो । सरकारले आयातमा कडाइ गरेकोले आयात खुम्चिनु अर्थतन्त्रका लागि उत्साहित हुनुपर्ने कुरा होइन । डा. खतिवडाको कार्यकालमा उत्पादन अभिवृद्धि भएर होइन कि आयात नियन्त्रणको उपायबाट घटेको आयातलाई ठूलै उपलब्धिको रूपमा व्याख्या गरिएको थियो । अहिले विदेशी मुद्रा सञ्चितिमा परेको दबाबबाट बाहिर निस्किन अँगालिएको व्यापार नियन्त्रणलाई बढाइचढाइ गरेर अर्थतन्त्र सुधारोन्मुख भएको देखाउने आत्मघाती चेष्टा भइराखेको छ ।

स्वदेशमा उत्पादनको आकार बढेर आयात कम भए मात्र त्यसले अर्थतन्त्र सुधार ल्याउन सक्छ । हाम्रो आयातमा कमी यसको परिणाम होइन । आयात घटेपछि प्रभावित भएको राजस्वलाई लयमा फर्काउन सरकारले आयातमा लगाएको लगाम हटाएको छ, व्यापार बढेको छैन । राजस्वमा आएको कमीबाट प्रशासन चलाउन खर्च नै नउठ्नेमा सरकार चिन्तित देखिएको छ । यो गर्जो टार्न खर्च कटौतिको 'स्किम' ल्याएको छ ।

खर्च घटाउनेसम्बन्धी मापदण्ड २०७९ मार्फत पानीको बोतल नकिन्ने, पत्रपत्रिका खरीद नगर्नेजस्ता सामान्य खर्च कटौती गर्ने मापदण्ड तयार पारिएको छ । सवारीसाधनको सर्भिसिङ गर्दा मोबिल नफेर्नेजस्ता हास्यास्पद कुरा खर्च कटौतिको उपायमा समेटिएका छन् । सरकारी खर्च पुनरवलोकन आयोगले दिएका सुझावलाई पाखा लगाएर सामान्य आकारका खर्च कटौति गर्नु भनेको लोकप्रियताको लोभ मात्र हो । अर्थतन्त्रका खास समस्या भनेका सरकारी तहमा हुने फजुल खर्च र विकास बजेटको कमजोर खर्च क्षमता हो । यस्ता जटिल समस्याको समाधानको सट्टा सरकार खुद्रे काममा अल्झिनु उदेकलाग्दो विषय हो ।

एकातर्फ खर्च कटौति भन्ने अर्कातिर अत्यावश्यक भए खर्च गर्ने पनि भन्नेजस्तो सस्तो निर्णयले सरकार कतिसम्म जगहँसाइमा उत्रेको छ मात्र होइन, तालुकदार अर्थ मन्त्रालयको यस्ता हलुका निर्णयले सरकार अर्थतन्त्रप्रति कत्ति पनि गम्भीर छैन भन्ने पनि स्पष्ट छ । बजार मन्दीमा गएको छ । उत्पादन एक चौथाईमा झरेको छ । बैंकहरूको उच्च ब्याजदर र आयात निरुत्साहनको सरकारी नीतिले व्यापार घटेको हो । कृत्रिम सुधारका यस्ता तथ्याङ्क देखाएर उपलब्धिको प्रचार गर्नुको औचित्य छैन । यसरी अर्थतन्त्र सही दिशामा उन्मुख छ भनी मान्न सकिंदैन ।

अर्थतन्त्रका समस्या लिएर निजी क्षेत्रले सरकारको ध्यानाकर्षण मात्र होइन, सडकमैं उत्रेको अवस्था पनि छ । देशका प्रधानमन्त्री र मन्त्रीलाई भेटेर समस्या सुनाउने र समाधानको आग्रह गर्ने सिलसिला चलिराखेको छ । केही दिन अघि मात्रै बारा-पर्साका उद्यमीले अर्थमन्त्रीलाई भटेर बैंकको उच्च ब्याजदर, ऊर्जाको समस्या, भन्सार मूल्याङ्कन र पारवहनलगायत समस्याबारे ध्यानाकर्षण गराए । मन्त्रीहरूले आश्वासन दिएका छन् । माग सुन्ने र आश्वासन दिने काम यो पहिलोपटक होइन । यस्ता समस्याको समाधानमा सरकारी पक्ष आवश्यकता अनुसार गम्भीर देखिएको छैन । अर्थतन्त्रका समस्याको सूत्रधार नै यही हो ।

हामीलाई यो पनि थाहा छ, ४ वर्ष अघि देशलाई लोडसेडिङमुक्त घोषणा गरिएको थियो । अहिले औद्योगिक प्रतिष्ठानमा 'अँध्यारो युग'को शुरूआत भएको छ । मुख्य औद्योगिक करिडरमा नेपाल विद्युत् प्राधिकरणले विनासूचना दैनिक ८/९ घण्टा विद्युत् कटौति गरेको छ । कहाँसम्म भने 'पिक आवर'मा भारतबाट बिजुली किन्नुभन्दा मुख्य औद्योगिक करिडरलाई ऊर्जाविहीन बनाउने काम प्राधिकरणले थालेको छ । चालू आर्थिक वर्षको ४ महीनामा १६ अर्ब रुपियाँ नाफा कमाएको भन्दै प्रचार गर्ने प्राधिकरणले तुलनात्मकरूपमा केही महँगो विद्युत् नकिनेर सीमित घाटा जोगाउन बारा र पर्सा औद्योगिक करिडरका उद्योगलाई अत्यधिक आर्थिक नोक्सानीमा होम्ने गैरजिम्मेवारी देखाइराखेको छ ।

अहिले हाम्रो कुल माग १७ सय मेगावाट छ । त्यसमा १३ सय मेगावाट आन्तरिक उत्पादन र ४०० मेगावाट भारतबाट आयात हुन्छ । भारतबाट अपेक्षा अनुसार आयात नभएको अवस्थामा ५० मेगावाट अपुग हुन्छ । यो कमीबाट हुने असन्तुलन समाधानका लागि उद्योगमा आपूर्ति काट्ने गरिएको छ । यस्तै हो भने डिजेलबाट जेनेरेटर चलाएर युनिटकै ५० रुपियाँ पर्ने विद्युत्बाट उद्योग चलाउने अवस्थाको पुनरावृत्ति नहोला भन्न सकिन्न । सूचना नै नगरी लाइन काट्दा उत्पादन अवरुद्ध भएको भन्दै उद्यमी व्यापारीले घोषित लोडसेडिङको माग गर्न थालेका छन् । उद्योगी आफ्ना उत्पादन युनिटहरूमा 'बरु लोडसेडिङ गरिदेऊ' भनेर माग गर्दछन् भने त्यहाँ कस्तो औद्योगिक र व्यापारिक वातावरण होला ? अनुमानमात्र पनि असहज लाग्दछ ।

दक्षिण एशियामा कुल ऊर्जा उपभोगमा जलविद्युत्को योगदान २० प्रतिशत छ । तर, जलस्रोतमा धनी मानिएको हाम्रो देशमा यो २ प्रतिशतमात्रै छ । सरकार विद्युत्को पर्याप्त उत्पादन, प्रसारण र चुहावट नियन्त्रणमा नलागेर सस्तो लोकप्रियताको पछाडि लागेको भान हुन्छ । अहिलेको सत्तारूढ दलहरूको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा वर्षायाममा मासिक ५० युनिट र हिउँदमा ३० युनिटसम्म बिजुली खपत गर्ने ग्राहकलाई निश्शुल्क उपलब्ध गराउने उल्लेख गरिएको छ । अहिले २० युनिटसम्म विद्युत् खपत गर्ने ग्राहकलाई निश्शुल्क विद्युत् उपलब्ध गराइरहेको छ । विद्युत् खपत बढाउन किन पनि आवश्यक छ भने केही वर्षमा उत्पादन बढ्ने र खपत यथास्थितिमा रहेमा खेर जाने अवस्था आउन सक्दछ । यस्तोमा बढी खपत गर्नेलाई कम महसूलको नीति लिनुपर्ने हो । सरकारले बढी खपतमा बढी दर तोकेर कम खपतलाई प्रोत्साहन गरेको देखिन्छ । यो नीति नै व्यवहारिक छैन, गलत छ । प्राधिकरणले आयोजनाहरूसँग विद्युत् खरीद सम्झौता गर्दा हिउँद र वर्षायामका लागि अलगअलग मूल्य तय गर्ने गरेको छ । ग्राहकसँग भने सधैं समान शुल्क लिइरहेको छ, यो पनि गलत छ । अर्थतन्त्रको कच्चा पदार्थको रूपमा हेरिएका पूँजी र ऊर्जा सहज नभएसम्म सुधार सम्भव हुँदैन ।

देशमा उद्योग र व्यापारको वातावरण बन्न नसक्नुमा अर्को मुख्य कारण भ्रष्टाचार हो । ट्रान्सपरेन्सी इन्टरनेशनलले हालै प्रकाशित गरेको भ्रष्टाचार अवधारणा सूचकाङ्कले नेपाल ३४ अङ्कसहित १८० देशमध्ये ११० औं स्थानमा रहेको छ । अघिल्लो वर्षभन्दा केही स्थान माथि उक्लिए पनि ५० अङ्कभन्दा मुनिलाई भ्रष्टाचारको दृष्टिले गम्भीर समस्यामा रहेको मानिन्छ । प्रतिवेदनले नेपालले भ्रष्टाचार कम गर्न थुप्रै काम गर्न बाँकी रहेको तथ्य पनि बाहिर ल्याएको छ । योमध्ये कर प्रणाली पनि मुख्य हो । वैदेशिक व्यापारमा हाम्रो सबैभन्दा ठूलो साझेदार भारतले वस्तु तथा सेवा करमार्फत कर प्रणालीमा आमूल सुधार गरिराख्दा हामी भने तहगत सरकारको कर अराजकतामा रुमलिएका छौं । यो हामीकहाँ सबल अर्थतन्त्रको अवरोधको रूपमा छ ।

केही समय अघि निजी क्षेत्रको एउटा संस्थाले गरेको अध्ययनले उद्यमी व्यापारीले आफूले कमाएको आम्दानीमध्ये ४० प्रतिशतको हाराहारी घूसको रूपमा खर्च गर्नुपरेको देखाएको थियो । यस्ता तथ्यले पनि हाम्रो अर्थतन्त्र सुधारको बाटोमा गइरहेको छ कि तथ्याङ्कीय भ्रममात्र बढी छरिएको छ भन्नेमा स्वाभाविक सन्देह उत्पन्न भइराखेको छ । यतिसम्म कि, भ्रष्टाचार र चौतर्फी अव्यवस्था सामना गर्न नसकेर उद्यमीले ज्यान फालेका छन् । भ्रष्टाचार र अक्षम सरकारी संयन्त्रका कारण छिमेकी देश पाकिस्तानको अर्थतन्त्र धराशायी हुने अवस्थामा पुगेको छ । केही समय अघि अर्को छिमेकी श्रीलङ्काको हविगत देखिएकै हो । श्रीलङ्का अहिले सम्हालिने प्रयत्नमा छ । पाकिस्तानलाई बहुराष्ट्रिय दाताले पनि पत्याएको अवस्था छैन । दाताले नपत्याउनुमा त्यहाँ व्याप्त भ्रष्टाचार र अक्षम राजनीति कारण हो । यो सवालमा नेपालको छविसमेत उस्तै हुनु थप चिन्ताको विषय त हो, तर यसतर्फ गम्भीर चेतना प्रकट भइराखेको छैन ।

# धर्म नै जीवनको आधार

मानिस विधाताको सर्वश्रेष्ट रचना हो । मानिस विधाताको सर्वश्रेष्ठ अभिव्यक्ति पनि हो । यस तथ्यलाई भगवान् श्रीकृष्णले गीतामा यसरी भनेका छन्–

**बह्व्या सन्ति पुरः स्रष्टास्तासां मे पौरूषी प्रिया ॥**

अर्थात्–मैले अनेक प्रकारको शरीर निर्माण गरें । तर मलाई सबभन्दा बढी प्रिय यो मनुष्य शरीर हो । शतपथ ब्राह्मणमा भनिएको छ–

**जब मानिसले यी गुणहरू धारण गर्दछ, अनि ऊ स्वभावतः आफ्नो स्वधर्मको, कर्तव्यको पालन बडो निष्ठा र इमानदारीले गर्न थाल्दछ । ऊ अर्थजस्तो पुरुषार्थको प्राप्ति गर्ने बेला पनि धर्मको ख्याल गर्दछ । उचित–अनुचित, नैतिक–अनैतिक तरीकाको ख्याल गर्दछ ।**

पुरुषौ वै प्रजापतेन्नैदिष्ठम् ।

अर्थात् नर नै नारायणको सर्वाधिक समीप छ । बाइबल (बूक अफ जेनेसिस)मा भनिएको छ कि यस संसारमा मनुष्य नै परमसत्ताको साकार रूप हो । त्यहीं कुरानका आयतहरू (सुरा २, ३५.३५) ले भन्दछ कि मानिस पृथ्वीमा अल्लाहको प्रतिनिधि हो तथा उसलाई अल्लाहले श्रेष्ठ रूप प्रदान गरेका छन् ।

पूर्वी दर्शन, चिन्तन र संस्कृति अनुसार चौरासी लाख योनिमा भौंतारिएपछि मनुष्य शरीर प्राप्त हुन्छ । अस्तु यस्तो दुर्लभ मानव शरीर, मानव जीवनलाई यदि आलस्य, प्रमाद र भोगमा बिताइदिने हो भने यो प्राप्त अवसरको सबैंभन्दा ठूलो हानि हो । मानव शरीर निश्चय नै अजर, अमर छैन, तर मनुष्य शरीरमा परमात्माको अंशको रूपमा विद्यमान जीवात्मा त अजर, अमर र अविनाशी छ नै । हामीलाई शरीरमा परमात्माको अंशरूप, बीजरूपमा विद्यमान जीवात्मालाई नै ईश्वरीयरूपमा, परमात्मारूप अभिव्यक्त गर्नुछ र शाश्वत सुख, परम सुख प्राप्त गर्नुछ ।

यही मानव जीवनको सर्वश्रेष्ठ उद्देश्य हो, कर्तव्य हो । यस अस्थिर एवं अनित्य मानव शरीर पाएर यसको माध्यमले नित्य, शाश्वत तत्त्वलाई जान्ने प्रयास गरेर आत्मकल्याण प्राप्त गर्नु नै मानवीय दायित्व हो । यही मनुष्य जीवनको प्रमुख कर्तव्य पनि हो । विभिन्न धर्महरूमा आत्मकल्याणको, ईश्वरप्राप्तिको विभिन्न मार्ग बताइएका छन् । श्रुति भन्दछ कि यदि मानिस स्वयंलाई देश मात्र मान्दछ, शरीर मात्र मान्दछ भने शरीर मात्रलाई सजधज पार्न एवं इन्द्रियजन्य सुखहरू प्राप्तिमा नै उसको सारा जीवनयात्रा समेटिन्छ । ऊ देहका लागि बाँच्छ, शरीरका लागि बाँच्छ; इन्द्रिय सुखको प्राप्तिका लागि बाँच्दछ; किनकि ऊ स्वयंलाई शरीर मात्र, देह मात्र मान्दछ र शरीरसुख, इन्द्रियसुख, विषयसुखलाई नै सच्चा सुख मान्दछ ।

यस प्रकार ऐन्द्रिक जीवन, दैहिक जीवन, भौतिक जीवन बाँचेर ऊ यस संसारबाट बिदा हुन्छ । उसले देहलाई नै सर्वोपरि मान्यो, त्यसैले उसले आत्माको मुक्ति, आत्मोद्धार, आत्मकल्याणका लागि कुनै प्रयास, पुरुषार्थ गर्दैगरेन । फलस्वरूप उसको आत्मा उसद्वारा गरिएको विभिन्न प्रकारको शुभ–अशुभ, पाप–पुण्यादि कर्महरूको संस्काररूप बन्धनमा नै जकडिइरह्यो र बारम्बार जन्म लिइरह्यो, नयाँ–नयाँ शरीर धारण गरिरह्यो, तर मुक्त भने हुन पाएन; किनकि उसले मुक्तिको कुनै उपाय नै गरेन, पुरुषार्थ नै गरेन; त्यसै कारण अधिकांश मानिस दैहिक जीवन, भौतिक जीवन, लौकिक जीवन मात्र बाँचेर यस संसारबाट बिदा हुन्छन् । हामी यस लौकिक जगत्मा जन्म लिन्छौं, भौतिक जगत्मा जन्म लिन्छौं, भौतिक शरीरमा जन्म लिन्छौं; अस्तु लौकिक जीवन, भौतिक जीवन मनुष्य जीवनको एउटा महत्त्वपूर्ण पहलु त हो, तर यो लौकिक, भौतिक पहलु नै पूर्ण जीवन, सम्पूर्ण जीवन होइन ।

भौतिक सुख नै शाश्वत सुख होइन, इन्द्रियजन्य सुख क्षणिक हो, क्षणभङ्गुर हो; किनकि यसबाट इन्द्रियहरूलाई स्थायी तृप्ति प्राप्त हुँदैन, तर आत्माबाट निस्सृत सुख शाश्वत सुख हो । यसलाई पाएर जीवात्मालाई परम आनन्द, ब्राह्मी आनन्दको प्राप्ति हुन्छ र आत्मा सबै प्रकारका कर्मबन्धनहरूबाट मुक्त हुन्छ र फेरि जीवात्मालाई जीवन–मरणाको चक्रव्यूहबाट पनि मुक्ति प्राप्त हुन्छ । त्यसैले आर्ष ऋषिहरूले भौतिक जीवनका साथसाथै आत्मिक जीवन, आध्यात्मिक जीवन बाँच्नुको महत्ता, आवश्यकतामा पनि बढी जोड दिएका छन् । भौतिक र आध्यात्मिक जीवनमा सन्तुलन आवश्यक छ ।

यीमध्ये कुनै पनि एकको उपेक्षाले हाम्रो जीवनलाई अपूर्ण बनाइदिन्छ । भौतिक जीवन एकाङ्गी जीवन हो । यो अपूर्ण जीवन हो, तर आध्यात्मिक जीवन, आत्मिक जीवनले हाम्रो जीवन पूर्ण बन्दछ, सम्पूर्ण बन्दछ; त्यसैले पूर्ण जीवन, सम्पूर्ण जीवन, आनन्दपूर्ण जीवन बाँच्नका लागि पूर्वीय संस्कृतिमा धर्म, अर्थ, काम, मोक्षका रूपमा पुरुषार्थ चतुष्टयको प्राप्तिमा बल दिइएको छ ।

पुरुषार्थ चतुष्टय भौतिक जीवन र आत्मिक जीवन, आध्यात्मिक जीवनको अद्भूत सङ्गम हो । यसमा अर्थ एवं कामका रूपमा भौतिक जीवनलाई महत्त्व दिइएको छ, त्यहीं धर्म र मोक्षको रूपमा आत्मिक जीवन र आध्यात्मिक जीवनलाई महत्त्व दिइएको छ, तर धर्म मात्र आत्मिक, आध्यात्मिक जीवनका लागि होइन, वरन् सुखी र सफल भौतिक जीवनका लागि पनि अनिवार्य छ । धर्म र मोक्षको उपेक्षा गरिएकोले नै आज समाजमा हेला, घृणा, व्यभिचार, भ्रष्टाचार, अनाचार, हिंसा आदि व्यापकरूपमा संव्याप्त छ । मानिस आन्तरिकरूपले अशान्त छ, बेचैन छ, व्याकुल छ । यो व्यक्ति र समाज दुवैका लागि अशुभ हो ।

धर्मले हामीलाई मानवीय स्वभावमा रहन सिकाउँछ, मानवीय मर्यादामा रहन सिकाउँछ । यसले उचित, अनुचित, शुभ–अशुभ, असल–खराबको भेद गरेर उचित व्यवहार, शुभ व्यवहार, राम्रो व्यवहार र स्वभावमा रहन प्रेरित गर्दछ । यसले अधर्म र अनैतिक क्रियाकलापहरूबाट टाढा रहन प्रेरित गर्दछ । यसले हामीलाई अर्थ एवं कामजस्ता भौतिक पुरुषार्थ, नैतिक एवं उचित तरीकाले प्राप्त गर्ने प्रेरणा दिन्छ । धर्म हाम्रो अशुभ र कलुषित भावना तथा अनियन्त्रित, आर्थिक अभिलाषाहरूमा अंकुश र नियन्त्रण कायम गरेर जीवनलाई सरल, शान्त र आनन्दमय बनाउन आदेशित गर्दछ । धर्मलाई जीवनको प्रारम्भदेखि नै धारण गर्दा हाम्रा ती पुरुषार्थ सिद्ध हुन्छन् । धर्म हाम्रो जीवनको पथ–प्रदर्शक हो, जसले हामीलाई कुनै शुभ–अशुभ, असल–खराब, पाप–पुण्य आदि कर्महरूको शुभ वा दुष्परिणामको जानकारी दिन्छ ।

ईश्वर सर्वव्यापी छन्, न्यायकारी छन् । उनी हामीले गर्ने, गरिरहेको असल–खराब दुवै कर्मका साक्षी हुन् । कर्मफल विधानद्वारा हामीलाई आफ्नो कर्मको फल प्राप्त हुनु अवश्यम्भावी छ । नराम्रो कर्म गर्दा हामीलाई आत्मग्लानि हुन्छ, पुण्यकर्म गर्दा आत्मसुख, आत्मसन्तोष प्राप्त हुन्छ । यी सारा प्रेरणा हामीलाई धर्मबाट प्राप्त हुन्छ । हामी जहाँ पनि छौं, जुन पनि रूपमा छौं, जुन कार्यमा छौं त्यहाँ हामी आफ्नो प्रत्येक कर्म र कर्तव्य पूर्ण इमानदारीका साथ गरौं । यो शिक्षा हामीलाई धर्मबाट प्राप्त हुन्छ ।

हामी शिक्षक हौं, चिकित्सक हौं, व्यापारी हौं, किसान हौं, विद्यार्थी हौं, माली हौं, अभियन्ता हौं, वैज्ञानिक हौं वा जुन पनि पेशामा रहौं, कर्ममा रहौं, त्यसमा हामी इमानदारीपूर्वक आफ्नो श्रम, समय र प्रतिभाको सुनियोजन गरौं; जसले हाम्रो साथ परिवार, समाज, राष्ट्र र सम्पूर्ण विश्वको कल्याण हुन सकोस् । यस्ता दिव्य प्रेरणा हामीलाई धर्मले नै दिन्छ । धर्म कुनै पन्थ वा सम्प्रदायको नाम होइन ।

धर्म अङ्ग्रेजी रिलिजन शब्दको हिन्दी वा नेपाली रूपान्तरण पनि होइन । धर्म निकै व्यापक शब्द हो र यसको अर्थ पनि व्यापक छ । धर्म शब्दको उद्भव 'धृ' धातुबाट भएको हो, जसको अर्थ हुन्छ–धारण गर्नु । अर्थात् जुन धारण गर्ने योग्य छ त्यही धर्म हो । जस्तै जराको सहाराले सम्पूर्ण रूख उभिएको छ, त्यसैगरी धर्मको सहाराले नै हाम्रो जीवन शीर्षसम्म पुग्दछ, आफ्नो सर्वोच्च लक्ष्यको प्राप्ति गर्दछ । धर्म हाम्रो मानवीय स्वभाव हो, कर्तव्य हो ।

हरेक वस्तु, प्राणीको आफ्नो धर्म हुन्छ, स्वभाव हुन्छ । चन्द्रमाको स्वभाव उसको जुनमा, शीतलतामा, प्रकाशमा देखिन्छ भने सूर्यको स्वभाव उसको ऊष्मा र तापमा देखिन्छ । पानीको स्वभाव बग्नु हो, वायुको स्वभाव चल्नु हो, अग्निमा ऊष्मा हुन्छ र त्यही तिनको धर्म हो । त्यसैगरी मानिसमा मनुष्यत्व हुनु, मानवीय गुण हुनु उसको धर्म हो ।

मनुस्मृतिका अनुसार धैर्य, क्षमा, दम (कलुषित भावनाहरूमा नियन्त्रण), अस्तेय (चोरी नगर्नु), शौच (आन्तरिक एवं बाह्य स्वच्छता), इन्द्रिय निग्रह (इन्द्रियहरू नियन्त्रित गर्नु) धी (बुद्धि र ज्ञानको प्रयोग), विद्या (बढीभन्दा बढी ज्ञानको पिपासा), सत्य (मन, वचन, कर्मले सत्य पालन), अक्रोध–यी मानव धर्मका दश लक्षण हुन् । यी गुणहरू धारण गर्नु नै धर्म धारण गर्नु हो ।

जब मानिसले यी गुणहरू धारण गर्दछ, अनि ऊ स्वभावतः आफ्नो स्वधर्मको, कर्तव्यको पालन बडो निष्ठा र इमानदारीले गर्न थाल्दछ । ऊ अर्थजस्तो पुरुषार्थको प्राप्ति गर्ने बेला पनि धर्मको ख्याल गर्दछ । उचित–अनुचित, नैतिक – अनैतिक तरीकाको ख्याल गर्दछ । ऊ काम अर्थात् आफ्ना कामना, इच्छाहरूको पूर्तिमा पनि धर्मको पालन गर्दछ । ऊ आफ्नो इच्छापूर्ति, कामनापूर्तिका लागि अनुचित वा अनैतिक तरीका प्रयोग गर्दैन ।

यस प्रकार जीवनको हरेक कर्म धर्मको दृष्टिले गरिरहँदा व्यक्तिको जीवन नैसर्गिकरूपले धर्ममय हुन पुग्दछ । उसको चित्त पवित्र हुन थाल्दछ र ऊ मोक्षको अधिकारी बन्न पुग्दछ । उसको जीवनमा सबै प्रकारका मोहको क्षय हुन्छ । ऊ मुक्त हुन्छ । ऊ भवबन्धनबाट मुक्त हुन्छ । ऊ जीवन–मरणको बन्धनहरूबाट मुक्त हुन्छ र यस प्रकार लौकिक एवं पारलौकिक, भौतिक र आत्मिक–दुवै दृष्टिले लाभमा रहन्छ । ऊ लौकिक र पारलौकिक दुवै जीवनमा आनन्द प्राप्त गर्दछ । निस्सन्देह धर्म नै मानव जीवनको आधार हो र जुन व्यक्तिको जीवनमा यो आधार जति सशक्त छ, ऊ उत्ति नै समर्थ छ, सुखी छ । यसलाई धारण गरेर नै हामी आफ्नो जीवनलाई आनन्दले परिपूर्ण बनाउन सक्छौं ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## चिनियाँ जासुसी बलुनबारे अमेरिकाको थप प्रतिक्रिया

वाशिङ्टन, २८ माघ/एएनआई

अमेरिकी गुप्तचर समुदायले चिनियाँ जासुसी बेलुनलाई पिपुल्स लिबरेशन आर्मीद्वारा सञ्चालित बृहत् निगरानी कार्यक्रमसँग जोडेको छ । वाशिङ्टन पोस्टले अमेरिकी अधिकारीहरूले जासुसी निशाना बनाइएका सहयोगी र साझेदारहरूलाई यसबारे जानकारी दिन थालेका छन् ।

दी वाशिङ्टन पोस्टका अनुसार चीनको दक्षिणी तटमा रहेको हेनान प्रान्तबाट केही वर्षसम्म सञ्चालन भएको निगरानी बेलुन प्रयासले जापान, भारत, भियतनामलगायत चीनका लागि उदीयमान रणनीतिक चासो भएका देशहरू र क्षेत्रहरूमा सैन्य गतिविधिको जानकारी सङ्कलन गरेको बताइएको छ।

अधिकारीहरूका अनुसार पिएलए वायुसेनाद्वारा सञ्चालित निगरानी हवाईजहाजहरू पाँच महाद्वीपमा देखाइएको छ । एक अधिकारीले भनेका छन्, “चिनियाँहरूले अविश्वसनीय पुरानो प्रविधि प्रयोग गरेर आधुनिक सञ्चार र निगरानी गर्दै अन्य राष्ट्रका सेनाहरूका गतिविधि नियन्त्रण गर्ने प्रयास गरेका छन् ।”

न्युयोर्क टाइम्सले पनि यस घटनालाई जोड्दै बाइडेन प्रशासनले शुक्रवारदेखि धेरै चिनियाँ उड्डयन र प्रविधिहरूलाई



चिनियाँ जासुसी बेलुनलाई नष्ट पारेपछि त्यसको अवशेष लिएर फर्कंदैं अमेरिकी सैनिक । तस्वीरः एएफपी

यसको केही प्रविधिको बिक्रीमा रोक लगाएको छ ।

वाणिज्य विभागले इजाजतपत्र कारोबारमा रोक लगाउँदै थप पाँच चिनियाँ कम्पनी र एउटा अनुसन्धान संस्थानलाई प्रतिबन्धको सूचीमा समावेश गरेको छ । उद्योग र सुरक्षाका लागि वाणिज्य उपसचिव एलन एस्टेभेजले यो कारबाहीले चिनियाँ सरकारले निगरानीको लागि उच्च उचाइ बेलुनहरू प्रयोग गरेकामा प्रतिक्रिया दिएको बताएका छन् ।

आजको कारबाहीले अमेरिकाको राष्ट्रिय सुरक्षा र सार्वभौमसत्तामा हानि पुऱ्याउने संस्थाहरूलाई अमेरिकी प्रविधिको पहुँचबाट काटिनेछ भन्ने स्पष्ट शब्दमा भनिएको छ । रासस

## डब्ल्युएचओद्वारा युरोपमा तत्काल दादुरा खोप लगाउन आग्रह

कोपेनहेगन, २८ माघ/सिन्ह्वा

विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ) युरोपको क्षेत्रीय कार्यालयले यस क्षेत्रका देशहरूलाई यथाशीघ्र लक्षित समूहमा दादुरा खोप लगाउन आग्रह गरेको छ ।




तस्वीरः फाइल

सन् २०२२ को सुरुआतदेखि दादुराको सङ्क्रमण बढ्दै गएपछि डब्ल्युएचओले सो आग्रह गरेको हो ।

डब्ल्युएचओ युरोपका अनुसार दादुरा खोपको दुई डोजले न्यूनतम ९५ प्रतिशत नियमित कभरेज भाइरसको फैलावट रोक्न र ठूला प्रकोप पुनः बल्झिनबाट रोक्न यो उपाय पर्याप्त हुनेछ ।

यद्यपि डब्ल्युएचओले कोभिड–१९ महामारीको प्रतिरक्षा र खोपको खुराक छुटेका कारण बालबालिकासहित अन्य थुप्रै व्यक्तिमा दादुराको सङ्क्रमण बढेको पाइएकाले यथाशीघ्र खोप अभियानलाई तीव्र पार्न अनुरोध गरेको छ ।

डब्ल्युएचओले युरोपेली देशहरूलाई पनि ढिलाइ नगरी स्वास्थ्य अनुसन्धान गर्न र दादुराको निगरानी बढाउन आग्रह गरेको छ ।

सन् २०१८ र २०१९ मा ठूला दादुराको प्रकोपपछि लगभग दुई लाखजनामा सङ्क्रमणका घटना उल्लेख गरिएको छ। रासस

## सैनिक शिविरमा गोली चल्दा पाँचजना सैनिकको मृत्यु

मनिला, २८ माघ/सिन्ह्वा

फिलिपिन्सको दक्षिणी भागमा रहेको उत्तरी मिन्डानाओस्थित सैनिक शिविरमा शनिवार एक सैनिकले निदाएका अन्य सैनिकमाथि गोली प्रहार गर्दा चारजना सैनिकको मृत्यु भएको छ भने अर्का एकजना गम्भीर घाइते भएको फिलिपिन्सको सेनाले जनाएको छ ।

हत्याका आरोपित सैनिकको पनि गोली लागी निधन भएको छ। घटना दिउँसो



तस्वीरः सिन्ह्वा

१:१० बजे भएको हो।

कागायन डे ओरो शहरको क्याम्प इभान्जेलिस्टाभित्र उक्त घटना भएको हो ।

कमान्ड ड्युटी अफिसर आर्मी मेजर एल्डन ब्रिनासका हनुसार चारजना पीडितको घटनास्थलमैं मृत्यु भएको हो।

शुरूमा गोली हानेपछि बन्दुकधारीले अर्को कोठामा प्रवेश गर्ने प्रयास गरेको तर अन्य सिपाहीहरूले आक्रमणकारीको बन्दुक कब्जामा लिएर उसलाई नै गोली हानेको ब्रिनासले उल्लेख गरेका छन् ।

अधिकारीका अनुसार गम्भीर घाइते सैनिकको स्थानीय अस्पतालमा उपचार भइरहेको छ। गोली प्रहारको घटनाको अनुसन्धान भइरहेको छ । रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – व्यापारवृद्धि | वृष – शत्रुभय |
| मिथुन – कार्यनाश | कर्कट – भयचिन्ता |
| सिंह – मित्रमिलन | कन्या – कान्तिक्षय |
| तुला – सुयश | वृश्चिक – अलमल |
| धनु – धनलाभ | मकर – पदोन्नति |
| कुम्भ – आलस्य | मीन – रोगभय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


### वीरगंज महानगरपालिकाको जनहितमा जारी अपील

यस महानगरपालिका अन्तर्गत सञ्चालित सबै संस्थागत विद्यालयले भर्ना भएको सङ्ख्याको १० प्रतिशतले हुन आउने विद्यार्थी सङ्ख्यालाई छात्रवृत्ति दिनुपर्ने अनिवार्य व्यवस्था भए बमोजिम छात्रवृत्ति वितरण गर्नुहुन सबै संस्थागत विद्यालयलाई सूचित गर्नुका साथै सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ ।

## जनकपुरलाई धार्मिक पर्यटकीय नगरी बनाउँदै उपमहानगर

जनकपुरधाम, २८ माघ/रासस

मधेस प्रदेशको राजधानी रहेको धनुषाको जनकपुरधाम पौराणिक र ऐतिहासिक पर्यटकीयस्थलको रूपमा परिचित छ । जानकी, राममन्दिर, विवाहमण्डप, मणिमण्डप, स्वर्गद्वार, राजदेवी, जनक मन्दिर, गङ्गा आरती, शिव, सङ्कटमोचन, लक्ष्मण, कपिलेश्वर, कुपेश्वरनाथ महादेव, हनुमानगढीलगायत मन्दिर यहाँ अवस्थित छन् ।

महर्षि जनकको पुण्यभूमि र माता जानकीको पवित्र जन्मस्थलको रूपमा देशविदेशमा परिचित यस क्षेत्रको अवलोकनका लागि आन्तरिक तथा बाह्य पर्यटक आउने गरेका छन् ।

मुख्यगरी यहाँ माता जानकीको मन्दिर दर्शन गर्न आउनेछन् । आवश्यक व्यवस्थापकीय काम भएमा जानकी मन्दिरको अवलोकन गर्न आउनेले केही दूरीमा रहेका अन्य मन्दिरसमेत अवलोकन गरी आनन्द लिन सक्छन् । यिनै मठमन्दिर अवलोकनका लागि उचित योजना निर्माण र व्यवस्थापन हुन नसक्दा धार्मिक पर्यटकले सोचे अनुसार आनन्द लिन सकेका छैनन् ।

पहिलोपटक जनकपुर आएकी काठमाडौंकी हीरादेवी बिसीले मठमन्दिरको हिसाबले सुन्दर ठाउँ भएपनि पार्किङ, प्रतीक्षालय र छाडा पशुचौपायाको व्यवस्थापन हुन सके अझ सहज हुने बताइन् । “मन्दिर दर्शन गर्न आएकाले सडकछेउमैं गाडी राख्नुपर्ने अवस्था छ, मन्दिर घुमिसकेपछि थकाइ मार्ने उपयुक्त बस्ने ठाउँको पनि व्यवस्थापन रहेनछ,” उनले भनिन्, “स्थानीय सरकारले उपयुक्त पार्किङस्थल, सफा शौचालय र बसेर आराम गर्न मिल्ने ठाउँको व्यवस्था गरेको भए राम्रो हुने थियो ।”

जनकपुरधाम उपमहानगरपालिकाले भने धार्मिक पर्यटकका यस्तै गुनासालाई सम्बोधन गर्न धार्मिक क्षेत्र सुधारका काम गरिरहेको जनाएको छ । उपमहानगर प्रमुख मनोजकुमार साहले आफ्नो प्रमुख प्राथमिकतामध्ये धार्मिक पर्यटनलाई टेवा पुग्नेगरी विकासका गतिविधि गर्नु रहेको बताए। उनले धार्मिक पर्यटकलाई लक्षित गरी योजनाबद्धरूपमा धार्मिक क्षेत्र सुधारका काम अगाडि बढाइएको बताए।

“जनकपुरलाई धार्मिक पर्यटन नगरीका रूपमा विकास गर्न सोही अनुसार मैले योजना बनाएको छु,” नगरप्रमुख साहले भने, “त्यही योजना अनुसार फोहरमैला व्यवस्थापन, पार्किङ निर्माण र फूटपाथ निर्माणको काम हुँदैछ।”

जनकपुरधाम उपमहानगरपालिका–८ स्थित दशरथ मन्दिरछेउमा बनाउन लागिएको सुविधासम्पन्न पार्किङ सोही योजनाको सुरुआती भएको उनले बताए।

बाह्र कट्ठाभन्दा बढी जग्गामा बन्न लागेको सुविधासम्पन्न पार्किङले जनकपुरधाममा रहेका मन्दिरको दर्शन गर्न आउने पर्यटक लाभान्वित हुने अपेक्षा गरिएको छ। “अन्य समस्या त छँदैछन्, मुख्यरूपमा मन्दिर दर्शन गर्न आउने धार्मिक पर्यटकले गाडी सडकछेउमैं पार्किङ गर्नुपर्ने अवस्था छ। जसले ट्राफिक



जानकी मन्दिर । तस्वीरः फाइल

व्यवस्थापनमा पनि कठिनाइ भइरहेको छ,” नगरप्रमुख साहको भनाइ छ, “यस समस्यालाई मध्यनजर गरी वडा नं ८ स्थित दशरथ मन्दिरछेउमा पार्किङस्थल बन्दैछ। यसको निर्माणपछि सहजरूपमा गाडी पार्किङ गरेर पैदल हिंडेर मुख्य धार्मिकस्थलको अवलोकन गर्न सघाउ पुग्नेछ।”

उपमहानगरपालिकाका वरिष्ठ इन्जिनीयर वीरेन्द्रकुमार यादवले करीब रु पाँच करोडको लागतमा बन्न लागेको पार्किङस्थलमा प्रतीक्षालय, सार्वजनिक शौचालय, कार्यालय, सानो व्यापारिक क्षेत्रसहितको संरचना रहने बताए । “धार्मिक पर्यटकलाई लक्षित गरी बन्ने यो पार्किङका लागि चालू आर्थिक वर्षमा रु ६० लाख बजेटमा माटो भरण, कम्पाउन्ड वालसहित प्रारम्भिक कार्य हुनेछ,” इन्जिनीयर यादवले भने, “आगामी दुई वर्षमा निर्माण सम्पन्न गर्नेगरी हामीले योजना बनाएका छौं, त्यसपछि अहिले धार्मिक पर्यटकले भोग्ने समस्या केही हदसम्म समाधान हुनेछ।”

अव्यवस्थितरूपमा सवारीसाधन पार्किङका कारण नगरक्षेत्रमा ट्राफिक व्यवस्थापनमा समेत सघाउ पुग्ने उपमहानगरपालिकाको विश्वास छ।

उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले पनि धर्म, संस्कृति र मठमन्दिरले जोडेको जनकपुरलाई सजाउने, सिङ्गार्ने र सुन्दर बनाउने काममा उपमहानगरपालिकाले आवश्यक काम गर्ने बताए । उनले जनकपुरलाई धार्मिक पर्यटकीय नगरीका रूपमा विकास गर्न मन्दिरको सौन्दर्यीकरण, सडकपेटी निर्माण र छाडा पशुचौपाया व्यवस्थापनको काम गरिने बताए। तर यहाँका अधिकांश जग्गा गुठी संस्थानको नाममा रहेकाले सुधारका कार्य गर्न केही कठिनाइ भइरहेकाले गुठीसँग समन्वय गरेर आवश्यक जग्गा भाडामा लिएर फोहोर व्यवस्थापनलगायतका काम गरिने र त्यसले अहिलेको अवस्थामा थप सुधार हुने उनले बताए। “जनकपुरधामको मुख्य विशेषता नै धार्मिक मठमन्दिर हुनु हो, यसको उचित व्यवस्थापन हुन सके त्यसबाट अझ धेरै लाभ लिन सकिन्छ,” उपप्रमुख साहले भने, “पौराणिक धार्मिक नगरीलाई आधुनिक धार्मिक पर्यटकीय नगरीको रूपमा विकास गर्न हामीले मापदण्ड अनुसार योजनाबद्धरूपमा सुधारका काम गर्छौं, पहिलो आर्थिक वर्षमा त्यसको सुरुआत भई आगामी पाँच वर्षभित्र साँच्चै धार्मिक पर्यटन नगरीका रूपमा यहाँको विकास हुनेछ । त्यस कार्यमा हामी सबै लागिरहेका छौं।”

नगरप्रमुख साहले पनि उपमहानगरपालिकाको योजनामा यहाँस्थित गुठीले आवश्यक सहयोग गरेमा पाँच वर्षमा जनकपुर र यहाँका धार्मिकस्थललाई हेर्नलायक बनाउन सकिने दाबी गरे । “धार्मिक पर्यटकीय नगरी बनाउने गरी हामीले सुधारका काम थालिसकेका छौं, सडक बाटो, फोहर व्यवस्थापन, छाडा पशुचौपाया व्यवस्थापन र अन्य आवश्यक पूर्वाधार निर्माण गरी हाम्रो कार्यकालभित्रै यो योजना पूरा गर्ने छौं तर यसमा गुठी संस्थानलगायत सबैको साथ र सहयोग अपरिहार्य छ,” नगरप्रमुख साहले भने ।

## बढी शेयर पूँजी भएका सहकारीलाई राष्ट्र बैंकले नियमन गर्ने

काठमाडौं, २८ माघ/रासस

बचत तथा ऋणको कारोबार गर्ने ठूला सहकारी संस्थालाई नेपाल राष्ट्र बैंकको नियामकीय क्षेत्राधिकारभित्र ल्याउन लागिएको छ ।

शुक्रवार प्रतिनिधिसभामा दर्ता भएको ‘सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक, २०७९’ ले नेपाल राष्ट्र बैंक ऐन, २०५८ मा संशोधन गरेर यस्तो व्यवस्था ल्याउनुपर्ने प्रस्ताव गरेको हो । “रु पच्चीस करोडभन्दा बढी शेयर पूँजी भएका वा वार्षिक रु ५० करोडभन्दा बढीको बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको सहकारीसम्बन्धी प्रचलित कानूनको समेत अधिकार प्रयोग गरी नियमन, निरीक्षण तथा सुपरीवेक्षणको काम नेपाल राष्ट्र बैंकले गर्नेछ,” विधेयकमा भनिएको छ ।

ऐनमा संशोधन गरेर बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण तथा सुपरीवेक्षण सम्बन्धमा निर्देशन तथा मापदण्ड जारी गर्ने अधिकार पनि नेपाल राष्ट्र बैंकलाई दिन लागिएको छ ।

उक्त विधेयकमार्फत सहकारी ऐन, २०७४ मा पनि संशोधन गर्न लागिएको छ ।

“बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमन, निरीक्षण र सुपरीवेक्षण गर्ने निकायले सो सम्बन्धमा नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन तथा मापदण्डको पालना गर्नुपर्नेछ,” सहकारी ऐनमा गर्न लागिएको संशोधनबारे विधेयकमा उल्लेख छ ।

स्थानीय तहमा दर्ता भई वार्षिक रु २५ करोडसम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन, अनुगमन र सुपरीवेक्षण सम्बन्धित स्थानीय तहले नै गर्नेछन् । त्यस्तै, स्थानीय तहमा दर्ता भई वार्षिक रु २५ करोडभन्दा बढी र रु ५० करोडसम्मको कारोबार गर्ने सहकारी संस्थाको नियमन प्रदेशबाट गर्ने व्यवस्था गर्न लागिएको छ ।

स्थानीय तह वा प्रदेशमा दर्ता भएका र वार्षिक रु ५० करोडभन्दा बढीको कारोबार भएका सहकारी संस्थाको नियमन भने सहकारी विभागले गर्नेगरी कानून संशोधन गर्न लागिएको छ ।

### शिवजयन्ती महोत्सव ...

ब्रह्माकुमारी बेली दिदीले गरेका थिए ।

यसैगरी हिन्द्र परिषद् नेपाल वीरगंज नगर कमिटिले शनिवार आयोजित गरेको रक्तदान कार्यक्रममा एकजना महिलासहित ८६ जनाले रक्तदान गरेका छन् ।

रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले बताए अनुसार अनिलकुमार कुर्मी, अखिलेश गुप्ता, सन्तोष पटेल, मुन्ना श्रीवास्तव, आशीष पटेल, मुरारी पटेल, रवि क्षेत्रीलगायतले रक्तदान गरेका थिए ।

यसैगरी न्यू राव इन्टरप्राइजेज गण्डक चौक–१४ले आयोजना गरेको रक्तदान कार्यक्रममा ५ जना महिलासहित १०३ जनाले रक्तदान गरेको केन्द्रका प्राविधिक प्रमुख पाण्डेले बताए ।

सुनील पटेल, राजेश दास, निरज पटेल, राधेश्याम यादव, कृष्णा यादव, विकास पटेल, अजयसाह सोनार, देवनारायण पंडित, पूरूब पटेल, धीरज पटेल, शिवकुमार यादव, मकसुद हवारी, आशीक हवारी, उमेश पासवानलगायतले रक्तदान गरेका थिए ।

# गर्भपतनका कारणले लैङ्गिक असन्तुलन बढ्यो

काठमाडौं, २८ माघ/रासस

नेपालमा लिङ्ग (छोरा वा छोरी) पहिचान गरी गरिने गर्भपतनका कारणले लैङ्गिक असन्तुलन देखिन थालेको छ । लिङ्ग पहिचान गरी गरिने गर्भपतनले गर्दा छोराको सङ्ख्या बढ्दै गएकाले लैङ्गिक असन्तुलन देखिन थालेको हो ।

नेपाली समाजमा छोराप्रतिको बढ्दो चाहना र महिलालाई गरिने विभेदपूर्ण व्यवहारका कारणले छोरा जन्माउनै पर्ने कारणले गर्दा लैङ्गिक असन्तुलन हुन सक्ने देखिएको हो । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण शाखाका वरिष्ठ कम्युनिटी नर्सिङ अधिकृत सुनालक्ष्मी कर्माचार्यले मानिसमा छोरीभन्दा छोरा नै मोह बढी भएकाले लैङ्गिक असन्तुलन देखिएको बताए ।

"हाम्रो समाजमा अझै पनि छोरा नै चाहिने गर्दछ," उनले भने, "गर्भमा नै छोरा वा छोरी छुट्याएर छोरी भए गर्भपतन गराउने गर्दछन् । जसले गर्दा छोरीको सङ्ख्यामा कमी आएको छ ।" गर्भमा नै छोरी भएपछि गर्भपतन गराउने भएकाले छोराको सङ्ख्या अस्वाभाविक वृद्धि भइरहेको उनले बताए ।

नेपालमा सामान्यता १०५/१०६ जना छोरा जन्मदा सयजना छोरी जन्मिने गर्दछन् । तर १२ जिल्लामा गरिएको अध्ययनमा सयजना छोरी जन्मिदा ११० भन्दा बढी छोरा जन्मिएको देखाइएको उनले जानकारी दिए । तीमध्ये अर्घाखाँची जिल्लामा त १२७ छोरा बराबर सयजना छोरी जन्मिएको अध्ययनमा देखाइएको छ ।

यस्तै, सयजना छोरी बराबर भक्तपुरमा १२३ जना छोरा, कास्की ११७ जना छोरा ललितपुर र पाल्पा ११४/११४ जना छोरा, काठमाडौं, कञ्चनपुर र रूपन्देहीमा ११३/११३ जना छोरा, गुल्मी, सप्तरीमा १११/१११ जना छोरा तथा झापा र पर्वतमा ११०/११० जना छोरा जन्मिएको अध्ययनले देखाएको छ ।

छोरा जन्माउनकै लागि महिलाले पटक–पटक गर्भधारण गर्नुपर्ने बाध्यताले महिला र बच्चाको शारीरिक तथा मानसिक स्वास्थ्यमा नकारात्मक असर पर्नुका साथै लैङ्गिक हिंसासमेत वृद्धि हुने देखिन्छ । लिङ्ग पहिचान गरी गरिने गर्भपतनको कारणले भविष्यमा महिलाको सङ्ख्यामा कमी हुन गई जन्मदर र मृत्युदरमा असन्तुलन हुन सक्ने देखिने अध्ययनले देखाएको छ । विश्व स्वास्थ्य सङ्गठनको सर्वेक्षण अनुसार सामान्यतया सयजना छोरी जन्मिदा १०५ जना छोरा जन्म हुन सक्ने बताएको छ । नेपालमा छोरीभन्दा छोरालाई उच्च प्राथमिकता दिने पितृसत्तात्मक मान्यता भएको र सोही अनुरूप छोरीभन्दा छोरा जन्माउने चाहना राख्ने भएको पाइन्छ । त्यसैले जन्मदरमा लैङ्गिक असन्तुलन देखिन थालेको हो ।

नेपालमा जन्मदरमा लैङ्गिक असन्तुलन देखिनुमा प्रजननदर घट्नु, छोरालाई उच्च प्राथमिकता दिनु र भ्रूणको लैङ्गिक पहिचान गर्ने प्रविधिमा सहज पहुँच हुनु मुख्य कारण भएको अध्ययनले देखाएको छ । नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षणले पनि प्रजननदर घटेको देखाएको छ । सन् २००१ मा नेपालमा प्रति एक हजारमा चार दशमलव एकजना बच्चा रहेको थियो भने सन् २०२२ मा घटेर दुई दशमलव एकजनामा झरेको छ । महिलालाई गर्ने विभेदपूर्ण व्यवहारका कारणले गर्भमा छोरी पाइए महिलाले नै पटक–पटक गर्भपतन गराउनुपर्ने बाध्यता रहेको छ ।

अध्ययनमा पहिलो बच्चा छोरा हुने महिलाको दोस्रो बच्चाको लैङ्गिक अनुपातमा सन्तुलन देखिए पनि पहिलो बच्चा छोरी छ भने दोस्रो बच्चा जन्मदाको लैङ्गिक अनुपातमा असन्तुलन देखिएको छ । नेपालमा लैङ्गिक असन्तुलन देखिन थालेपछि स्वास्थ्य मन्त्रालयले विभेदपूर्ण लिङ्ग छनोटको अन्त्यका लागि राष्ट्रिय रणनीति (२०७८–८०) कार्यान्वयनमा ल्याएको छ । रणनीति अनुसार सन् २०३० सम्ममा विभेदपूर्ण लिङ्ग छनोट गर्ने प्रवृत्तिको अन्त्य गरिने उल्लेख गरिएको छ ।

रणनीति अनुसार छोरीको महत्त्वलाई प्रोत्साहन गर्दै लैङ्गिक समानता कायम गर्ने, छोराछोरीको समान महत्त्व स्थापित गर्न किशोरी एवं महिला केन्द्रित सामाजिक तथा आर्थिक सशक्तीकरणका कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, लिङ्ग पहिचान गरी गरिने गर्भपतनविरुद्धमा सोच र व्यवहार परिवर्तन ल्याउनेजस्ता कार्यक्रम गरिने उल्लेख छ ।

यस्तै, सङ्घ, प्रदेश र स्थानीय तहले लिङ्ग पहिचान गरिने गर्भपतनविरुद्ध आवश्यक नीति निर्माण गर्न र कार्यान्वयनमा ल्याउने, लिङ्ग पहिचानको आधारमा गरिने गर्भपतन गर्न चाहने दम्पती, परिवार र समाजको मान्यता र सोचमा परिवर्तन ल्याउनेछ । यस्तै, रणनीतिमा छोराछोरीको समान महत्त्वलाई प्रवर्द्धन गर्न सामाजिक, सांस्कृतिक, परम्परागत सोच, व्यवहार, मान्यता र धारणामा परिवर्तन ल्याइने, आर्थिक सशक्तीकरणका लागि उद्यम व्यवसायमा महिला र किशोरको अर्थपूर्ण सहभागितालाई प्रोत्साहन गर्ने, महिला तथा किशोरीको सामाजिक सशक्तीकरण गर्दै नेतृत्व विकासमा प्रवर्द्धन गर्नेजस्ता कुरा समेटिएका छन् ।

# विद्यालयलाई पङ्खा हस्तान्तरण

प्रस, वीरगंज, २८ माघ/

समर्पण सेवा संस्था, वीरगंजले त्रिभुवन हनुमान माध्यमिक विद्यालयलाई पङ्खा उपलब्ध गराएको छ । संस्थाका प्रतिनिधि डा दीपेन्द्रकुमार चौधरी र नीरज मल्लिकले विद्यालयका प्रधानाध्यापक घनश्याम मिश्रलाई १० थान पङ्खा हस्तान्तरण गरेका थिए ।



विद्यालयमा पङ्खा अभावका कारण विद्यार्थीहरूको पठनपाठन प्रभावित नहोस् भनी संस्थाले पङ्खा उपलब्ध गराएको डा चौधरीले बताए ।

संस्थापक संरक्षक स्व विश्वनाथ शाहले स्थापना गरेको समर्पण संस्था सामाजिक क्षेत्रमा विभिन्न कार्यहरू गर्दै आएको छ ।




# खेलकूदको संसार

## दृष्टिविहीन क्रिकेट प्रतियोगिता : मधेस प्रदेश विजयी

प्रस, वीरगंज, २८ माघ/

प्रदेशस्तरीय दृष्टिविहीन क्रिकेट प्रतियोगितामा मधेस प्रदेश विजयी भएको छ ।

नारायणी रङ्गशालामा आयोजित क्रिकेट प्रतियोगिताको शनिवार सम्पन्न फाइनल खेलमा गण्डकी प्रदेशको गोरखा



नेत्रहीन क्रिकेट सङ्घलाई ९ विकेटले पराजित गर्दै मधेस प्रदेश विजयी भएको छ ।

प्रतियोगिताको म्यान अफ दी म्याच मधेस प्रदेशकी उजेली चौधरी र म्यान अफ द सिरिज मधेस प्रदेशका नवीन तामाङ घोषित भएका छन् । फाइनल प्रतियोगितामा ७८ रनको लक्ष्य रहेकामा मधेस प्रदेश नेत्रहीन क्रिकेट सङ्घले ९.४ ओभरमा १ विकेट गुमाएर लक्ष्य पुरा गरेर उपाधि जितेको हो । टस हारेर पहिले ब्याटिङ गरेको गण्डकी प्रदेशको गोरखा नेत्रहीन क्रिकेट सङ्घले १८.३ ओभरमा सबै विकेट गुमाएर ७७ रन बनाएको थियो ।

उपाधि जितेको मधेस प्रदेशले नगद रू ३० हजार, मेडल र ट्रफी पाएको छ भने उपविजेता गण्डकी प्रदेशको गोरखा नेत्रहीन क्रिकेट सङ्घले नगद १५ हजार, ट्रफी र मेडल प्राप्त गरेको आयोजक कमिटिले जनाएको छ । प्रतियोगितामा चारवटै प्रदेशका १६ महिलासहित ६० जना दृष्टिविहीन खेलाडीहरू सहभागी थिए ।

नेपाल नेत्रहीन क्रिकेट सङ्घ र मधेस प्रदेश नेत्रहीन क्रिकेट सङ्घको संयुक्त आयोजनामा माघ २५ गते बुधवारदेखि प्रतियोगिता शुरू भएको थियो । प्रतियोगितामा सात वटै प्रदेशलाई आमन्त्रण गरिए पनि प्रदेश नं १, मधेस प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेश गरी चार प्रदेश सहभागी भएको प्रतियोगिता संयोजक महेश साहले बताए ।

# छिपहरमाई गापामा शिक्षक सङ्घको अधिवेशन सम्पन्न

चिरञ्जीवी सापकोटा, ठोरी, २८ माघ/



पर्साको छिपहरमाई गाउँपालिकामा शनिवार नेपाल शिक्षक सङ्घको दोस्रो स्थानीय अधिवेशन सम्पन्न भएको छ ।

नेपाल शिक्षक सङ्घ, छिपहरमाई गापा का अध्यक्ष सुरेश साह कानूको सभापतित्व र नेपाली काङ्ग्रेस मधेस प्रदेशका महामन्त्री वृहस्पतिकृष्ण श्रेष्ठको प्रमुख आतिथ्यमा सम्पन्न अधिवेशनले सुरेश साह कानूकै नेतृत्वमा सर्वसहमतिमा कार्यसमिति चयन गरेको नेका, पर्साका सहसचिव नवीन सिंहले जानकारी दिए । कार्यसमितिमा उपाध्यक्ष गणेश दास सतवा, सचिव मुकेश राउत कुर्मीलगायतका शिक्षकहरू सर्वसहमतिले चयन गरिएको नेता सिंहले बताए ।

कार्यक्रमका प्रमुख अतिथि श्रेष्ठले शिक्षा विकासको मेरुदण्ड भएको कारण शैक्षिक विकासका लागि गाउँपालिकाले अधिकांश बजेट विनियोजन गरी गुणस्तरीय शिक्षा प्रदान गर्नुपर्नेमा जोड दिएको बताए । शिक्षाको अभावले मानिसले चाहे अनुसारको जीवन निर्माण गर्न नसकेको बताउँदै प्रमुख अतिथि श्रेष्ठले लगानी मात्र गरेर नहुने अनुगमनलाई प्रभावकारी बनाउन सबै एकजुट भएर लाग्नुपर्ने बताए ।

कार्यक्रममा विशिष्ट अतिथि छिपहरमाई गापाका अध्यक्ष मनोज गुप्ताले शिक्षामा विकास गर्न आफूले कुनै कसर बाँकी नराख्ने बताए । सबैको सहयोगविना विकास निर्माण सम्भव नभएकोले शिक्षकहरूले विद्यालय सुधार र शिक्षामा परिवर्तन गर्न आवश्यक व्यवस्थासमेत मिलाउन आफू पछि नहट्ने अध्यक्ष गुप्ताले बताए ।

नेपाली काङ्ग्रेसका प्रवक्ता रमेश पाण्डेले शिक्षकहरूको सम्मान गर्न जाने समाज आफैं परिवर्तन हुने बताउँदै चेतनामूलक कार्यक्रममार्फत समाजलाई अगाडि लानुपर्नेमा जोड दिए ।

नेका, पर्साका सहसचिव सिंहले शिक्षा र शिक्षक नै समाज विकासको मेरुदण्ड भएको बताउँदै शिक्षकहरूको आत्मसम्मानका निम्ति पालिकाले कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । विद्यालय भएर मात्र समाज विकास नहुने बताउँदै गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षामार्फत आजका बालबालिकाको उज्ज्वल भविष्य निर्माण गर्न गाउँपालिकाले कार्यक्रम निर्धारण गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा नेपाल शिक्षक महासङ्घ, पर्साका अध्यक्ष तीर्थराज यादव, नेपाल शिक्षक सङ्घ मधेस प्रदेशका उपमहासचिव मोहनलाल कुर्मी, नेपाल शिक्षक सङ्घ, पर्साका अध्यक्ष प्रदीप जैसवाल, सचिव अशोक साहलगायतका वक्ताहरूले अधिवेशन सफलताको शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

# जगरनाथपुरमा निश्शुल्क आँखा शिविर

प्रस, पोखरिया, २८ माघ/

दाइजो एवं सामाजिक कुरीतिविरुद्ध जागरण मञ्च र देवीमाई पूजा समितिको संयुक्त आयोजना तथा दृष्टि आँखा अस्पताल एन्ड रेटिना सेन्टरको प्राविधिक सहयोगमा शनिवार जगरनाथपुर गाउँपालिका–२ जानकीटोलास्थित नेपाल प्राथमिक विद्यालयमा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ ।



तस्वीरः प्रतीक

समाजसेवी कृष्णमोहन यादवको अध्यक्षतामा भएको शिविरको उद्घाटन वडाध्यक्ष नेपालीप्रसाद कुशवाहाले गरेका थिए । कार्यक्रममा मनोज महतो केवट, समसुल हक मियाँ, सञ्जय चौधरी, डा अर्चना केशरी, डा शनि केशरी, शिवशङ्कर यादव, शारदा देवी, शिवजी साहलगायतको सहभागिता थियो । शिविरमा २१५ जनाको आँखा परीक्षण गरिएको र ५७ जनामा मोतीबिन्दु फेला परेको बताइएको छ । मोतीबिन्दु भएकाहरूको निश्शुल्क शल्यक्रिया गरिने डा केशरीले बताइन् ।

## ठोरीलाई मत्स्य उत्पादन ...

देखेका कारण माछापालन गर्ने कृषकहरूसँग सम्बन्धित व्यक्तिको भेटघाट र कृषकसँग विज्ञको समन्वय गर्न टोली लिएर स्थलगत अनुगमन र निरीक्षण गरिएको बताए ।

भेटका क्रममा माछापालन गर्ने कृषकहरूले आफूहरूले गाउँमैं केही गर्नुपर्छ भन्ने हेतुले माछापालनतर्फ मन लगाए तापनि आफूहरूलाई कसैले पनि तालीम, अनुदान तथा विभिन्न आवश्यक सहयोग नदिएको गुनासो गरे ।

स्थानीय, प्रदेश र सङ्घीय सरकारले माछापालन गर्ने कृषकहरूलाई प्रोत्साहनस्वरूप अनुदान, आधुनिक प्रविधिलगायतको जानकारी गराउने हो भने विदेश पलायन हुने युवाहरूको सङ्ख्यामा कमी आउन सक्ने कृषकहरूको भनाइ छ ।

**विज्ञापन व्यवसायमा पारदर्शिता कायम गरौं ।**

- विज्ञापन कारोबार गर्ने विज्ञापन एजेन्सी र सञ्चारमाध्यम विज्ञापन बोर्डमा सूचीकरण गरौं ।
- विज्ञापन बोर्डमा सूचीकरण भएका सञ्चारमाध्यम र विज्ञापन एजेन्सीसँग मात्र विज्ञापनको कारोबार गरौं ।
- सञ्चारमाध्यमबाट जारी बीजकको आधारमा एजेन्सीको सेवा शुल्क खुलेको बीलबाट मात्र भुक्तानी गरौं, गराऔं ।
- विज्ञापनदाता, विज्ञापन एजेन्सी र सञ्चारमाध्यमबीच त्रिपक्षीय सम्झौताको आधारमा कारोबार गरौं ।
- विज्ञापन कारोबारमा विवाद भए विज्ञापन बोर्डमा उजूरी गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**